**Chhahari, A Multidisciplinary Peer-reviewed Research Journal, Vol. 3, No. 1: 2026**
TUTA, Butwal Multiple Campus, Tribhuvan University, Nepal

# सैनिक कथामा बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिको प्रयोग

डा. त्रिभुवन बरई
उपप्राध्यापक
भैरहवा बहुमुखी क्याम्पस
tribhuwanbarai455@gmail.com
ORCID: 0009-0002-8900-9986

**लेखसार**

प्रस्तुत लेखमा बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा भवानी भिक्षुद्वारा लिखित 'सैनिक' कथाको मूल्याङ्कन गरिएको छ । 'सैनिक' कथामा बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिका केकस्ता अभिलक्षणहरूको प्रयोग गरिएको छ भन्ने जिज्ञासाको परिपूर्ति गर्नाका निम्ति यो अध्ययन गरिएको हो । बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिको सैद्धान्तिक पर्याधारलाई आधार मानी प्राथमिक एवम् द्वितीयक स्रोतका सामग्रीको उपयोग गरी गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्ण बनाइएको छ । बहुल पात्रहरूको अन्तर्यथार्थ प्रस्तुतिगत पद्धतिको प्रयोग, बहुल पात्रहरूको बृहत् चारित्रिक विकासगत पद्धतिको उपयोग तथा पात्रहरूको चरित्राङ्कनमा विभिन्न मनोविश्लेषणात्मक युक्तिहरूको प्रयोग गरी तीनओटा सूचकका केन्द्रीयतामा प्रस्तुत कथाको मूल्याङ्कन यस लेखमा गरिएको छ । यस लेखको अन्त्यमा दुईजना पात्रको केन्द्रीयतामा निर्मित बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिका कारण प्रस्तुत कथा आयामगत दृष्टिले लघु, गठनका दृष्टिले सुगठित, पाठकीय प्रभावका कोणले प्रभावान्वितिपूर्ण, मानवीय वास्तविकताका दृष्टिले विविधतापूर्ण, चरित्रचित्रणका कोणले बहुल पात्रको बृहत् चारित्रिक विकासयुक्त, समाख्याताका दृष्टिले असंलग्न सर्वज्ञ समाख्यातायुक्त, दृष्टिविन्दुका कोणले बाह्य सर्वदर्शीयुक्त, सारवस्तु प्रस्तुतीकरणका दृष्टिले बहुल पात्रीय सारवस्तुगत पद्धतियुक्त तथा सौन्दर्यका दृष्टिले कलात्मक बनेको एवम् यस्तो मनोविश्लेषणगत पद्धतिको प्रयोग गर्ने विशिष्ट सिर्जनात्मक सामर्थ्य कथाकार भवानी भिक्षुमा रहेको तथा यस अध्ययनले स्रष्टालाई एकभन्दा बढी पात्रको मनोविश्लेषणको केन्द्रीयतामा कथा रचना गर्ने, समालोचक र अध्ययनकर्तालाई कथाको मूल्य पहिल्याउने तथा पाठकलाई मानव जीवनको वास्तविकताको पर्यवलोकन गर्ने कार्यमा सघाउने सार प्राप्त हुनुलाई निष्कर्षात्मक प्राप्तिका रूपमा प्रस्तुत गरिएको छ ।

**मुख्य शब्दावली** : अपरिपक्वता, आक्रामकता, आत्मरति, भावुकता, युद्धप्रियता ।

## विषयपरिचय

आक्रामक पति र भावुक पत्नीको चरित्राङ्कनमा संरचित 'सैनिक' भवानी भिक्षुद्वारा लिखित मनोविश्लेषणात्मक कथा हो । सेनामा भर्ना भई राष्ट्रको सार्वभौमसत्ताको रक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउने मनोविज्ञानका साथ सेनामा भर्ना भई देशभक्त र कर्तव्यनिष्ठ सैनिकका रूपमा सम्मानित भए पनि आफ्नै पत्नीको मनोविज्ञान बुझ्न नखोज्दा पत्नीलाई असह्य मानसिक पीडा दिने टामसनको स्वभावको चित्रण यस कथामा एकातिर गरिएको छ भने अर्कातिर भावनाद्वारा सञ्चालित भई राष्ट्रको गौरव बढाउने कार्यमा योगदान पुऱ्याउने सैनिकमध्ये एक हृष्टपुष्ट टामसन नामक सैनिकलाई पति वरण गरी जीवनयापन गरिरहँदा उसबाट अपेक्षाप्रतिकूलको आचरण र व्यवहार गरिँदा अतिशय पीडाबोध गर्ने युवती रोजीको भावनाशील स्वभावको प्रस्तुति पनि यस कथामा गरिएको छ । अतः पुरुषको

आक्रात्मकता र युद्धप्रियता तथा महिलाको भावुक, उदार र समन्वयवादी मनोविज्ञानको चित्रणमा आधारित प्रस्तुत कथाका विषयमा शोधपरक अध्ययन हुनु आवश्यक देखिन्छ ।

दुई वा सोभन्दा बढी पात्रहरूको मनोविश्लेषण गर्ने, दुई वा सोभन्दा बढी पात्रहरूको बृहत् चारित्रिक विकास गर्ने तथा मनोविश्लेषणका विभिन्न सूचकहरूको प्रयोगका माध्यमबाट बहुल पात्रहरूको चारित्रिक विकासलाई परिपाकमा पुर्‍याउने मान्यतामा आधारित सैद्धान्तिक पर्याधार नै बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धति हो । यस पद्धतिले कृतिमा प्रयुक्त पात्रहरूको मनोविश्लेषण गरिएका पात्रहरूको खोजी गर्ने, तिनको कथागत संरचनामा रहेको भूमिका पहिल्याउने, बहुल पात्रहरूको गरिएको चारित्रिक विकासको निर्क्योल गर्ने तथा ती पात्रहरूको मनोविश्लेषणमा प्रयुक्त युक्ति (आधार) हरूको खोजी गर्नुपर्ने मान्यता प्रस्तुत गर्दछ । कलात्मक गद्य भाषामा संरचित एकल वा बहुल पात्रको मनोविश्लेषणमा आधारित आख्यानात्मक साहित्यिक कृति नै कथा हो । बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिप्रयुक्त विशिष्ट कथाका रूपमा रहेको भवानी भिक्षुको ‘सैनिक’ कथाको स्वतन्त्र लेखन पद्धतिमा आधारित केही प्रभावपरक ढङ्गले अध्ययन गरिए पनि मनोविश्लेषणको बहुल पात्रीय पद्धतिका कोणबाट अध्ययन भएको पाइँदैन । उक्त अध्ययन पद्धतिका कोणबाट उक्त कृतिको शोधपरक अध्ययन नहुनु नै यस लेखको शोधअन्तराल हो । बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धति कृति मूल्याङ्कनको एक महत्त्वपूर्ण सैद्धान्तिक पर्याधारका रूपमा रहेको तथा नेपाली कथाका क्षेत्रमा मनोविश्लेषणात्मक कथाकारका रूपमा आफ्नो विशिष्ट पहिचान बनाएका भवानी भिक्षुको ‘सैनिक’ कथाको अध्ययन गर्नु आवश्यक रहेको छ । तसर्थ बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिका आधारमा उक्त कथाको अध्ययन गर्नु नै यस लेखको मुख्य प्राज्ञिक समस्या हो । अतः यसै प्राज्ञिक समस्यालाई अनुसन्धानपरक ढङ्गले समाधान गर्नाका निम्ति ‘भवानी भिक्षुको सैनिक कथामा प्रयुक्त बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिगत अभिलक्षणको खोजी र विश्लेषण गर्नु’ लाई प्रस्तुत लेखको मुख्य उद्देश्य बनाइएको छ ।

कथाकारलाई बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिको केन्द्रीयतामा कथाको रचना तथा समालोचक र अध्येतालाई कथाको मूल्यनिर्धारण गर्ने कार्यमा सघाउने भएकाले प्रस्तुत अध्ययन पुस्तकालयीय प्रयोजनका दृष्टिले औचित्यपूर्ण रहेको कुरा प्रस्ट हुन्छ । भवानी भिक्षुको ‘सैनिक’ कथा तथा बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिसँग सम्बद्ध बहुल पात्रहरूको अन्तर्यथार्थ प्रस्तुतिगत पद्धतिको प्रयोग, बहुल पात्रहरूको बृहत् चारित्रिक विकासगत पद्धतिको उपयोग तथा पात्रहरूको चरित्राङ्कनमा विभिन्न मनोविश्लेषणात्मक युक्तिहरूको प्रयोगको मात्र उपयोग गर्नुलाई यस लेखको क्रमशः कृतिगत र सैद्धान्तिक क्षेत्रका रूपमा वरण गरिएको छ । उक्त कृति र उक्त मनोविश्लेषणात्मक पद्धतिका उपर्युक्त पक्षबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई यस लेखको क्रमशः कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ ।

## अध्ययनको विधि

k|:t't n]vsf lglDt cfjZos ;fdu|Lsf] ;ª\sng k':tsfnoLo ;|f]taf6 ul/Psf] 5 . o; n]vdf cfwf/e"t ;fdu|Lsf ¿kdf ejfgL leIf'sf] …;}lgsÚ syf tyf ;xfos ;fdu|Lsf ¿kdf ax'n kfqLo dgf]ljZn]if0ffTds k4ltsf] ;}4flGts kof{wf/ Pjd\ ljZn]if0fLo k|f¿k / ljlwsf] lgwf{/0f ugf{sf lglDt ljleGg n]vs Pjd\ cWo]tfåf/f ul/Psf k"j{cWoognfO{ pkof]udf NofOPsf] 5 . o; n]vsf lglDt cfjZos d'Vo ;fdu|Lsf] 5gf]6 ;f]2]Zo gd'gf 5gf]6 ljlwsf cfwf/df ul/Psf] 5 . k|:t't n]v;Fu ;Da4 d'Vo ;fdu|Lsf] ljZn]if0fsf lglDt ax'n kfqx¿sf] cGto{yfy{ k|:t'ltut k4ltsf] k|of]u, ax'n kfqx¿sf] a[xt\ rfl/lqs ljsf;ut k4ltsf] pkof]u tyf kfqx¿sf] rl/qfª\sgdf ljleGg dgf]ljZn]if0ffTds o'lQmx¿sf] k|of]u u/L tLgcf]6f k|f¿ksf] lgSof]{n ul/Psf] 5 .  ljZn]if0fsf log} tLg ;"rssf s]G›Lotfdf ejfgL leIf'sf] …;}lgsÚ syfsf] ;"Id k7g u/L cfjZos tYo, ;fIo / p4/0f ;ª\sng u/L ltgsf] j0f{g, JofVof / ljZn]if0f ub}{ lgisif{df k'luPsfn] k|:t't n]vnfO{ u'0ffTds cg';Gwfg 9fFrf / kf7ljZn]if0ffTds zf]wljlwsf] s]G›Lotfdf k"0f{tf k|bfg ul/Psf] s'/f :ki6 x'G5 .

## सैद्धान्तिक पर्याधार

कृतिका पात्रहरूको चरित्रमा आरोपित मनोविश्लेषणात्मक पक्षहरूको विश्लेषणका माध्यमबाट कृतिको मूल्य निरूपण गर्नुपर्ने मान्यता राख्ने सैद्धान्तिक पर्याधार नै मनोविश्लेषणात्मक समालोचना हो । कृष्ण गौतम (२०५९) ले यौनवृत्तिको प्रबलता, त्यसको दमन, निषिद्ध यौनवृत्तिको जीवनमा प्रभाव, अचेतनको कारक तत्त्व, कुण्ठा, मनोविकृतिजस्ता साहित्यमा चित्रित तत्त्वहरूको खोजी र अध्ययन गर्ने पद्धतिका रूपमा मनोविश्लेषणात्मक समालोचना रहेको विचार प्रस्तुत गरेका छन् (पृ.७३) । यसैगरी नेत्र एटम (२०७४) ले मनोविश्लेषणात्मक समालोचना कृतिभित्रका पात्रका अनिर्णित चिन्तन, भावना, आन्तरिक द्वन्द्व, अनुद्घाटित भूल, निराशा, एक्लोपन आदिका विकीर्णताहरूका कारण खोज्दै तिनले आफ्नो अहम्लाई प्रतिरक्षा गर्न गरेका प्रतिक्रियात्मक कार्यहरूको मूल्याङ्कन गर्ने अध्ययन पद्धतिका रूपमा रहेको अभिमत व्यक्त गरेका छन् (पृ. १८३) । त्यसैगरी शान्तिस्वरूप गुप्त (सन् २००६) ले साहित्यलाई सामाजिक कार्य नमानी वैयक्तिक कर्म मान्ने तथा व्यक्तिको मनका सन्दर्भमा साहित्यको विश्लेषण गर्ने अध्ययन पद्धतिका रूपमा मनोविश्लेषणात्मक समालोचना रहेको विचार अभिव्यक्त गरेका छन् (पृ.३२७) भने वासुदेव त्रिपाठी (२०६५) ले यस समालोचनाले कृतिका स्रष्टाको आन्तरिक व्यक्तित्व, कृतिमा अभिव्यक्त मानसिकता तथा भावकका मनमा पर्ने कृतिगत प्रभावको अध्ययनमा सघाउने विचार व्यक्त गरेका छन् (पृ.१७५) । उपर्युक्त विचारहरूलाई अवलम्बन गर्दा मानवमनको गन्थनलाई साहित्यरचनाको कारक ठान्ने, मानवमनमा उत्पन्न कुण्ठा, यौनवृत्ति, अहम्, द्वन्द्व, निराशा, एक्लोपना, दमन

आदिका कोणबाट साहित्यिक कृतिको मूल्याङ्कन गर्ने तथा कृतिको मूल्याङ्कन पात्रको वैयक्तिकताका कोणबाट गर्नुपर्ने मान्यता राख्ने सिद्धान्तका रूपमा मनोविश्लेषणात्मक समालोचना रहेको सार प्राप्त हुन्छ ।

मनोविश्लेषणलाई एउटा सिद्धान्तका रूपमा स्थापित गर्ने कार्य सिग्मन्ड फ्रायडले गरेका हुन् । उनले सन् १८९६ मा 'द साइकोसिस अफ डिफेन्स' शीर्षक शोधपत्र प्रकाशन गरी मनोविश्लेषणको सिद्धान्तको प्रतिपादन गरेका हुन् (वज्राचार्य, २०७९, पृ.६३८) । उनका अतिरिक्त यस अध्ययन पद्धतिको विकासमा अल्फ्रेड एड्लर, कार्ल गुस्ताभ युङ्ग, जर्ज बर्कले, गार्डनर मर्फी, डेबिड ह्युम, डेबिड हर्टले, टमस रिड, इम्यानुअल कान्ट, फ्रान्स जोसेफ गाल, जोहन्स मुलर, अगस्त कोम्ते, जेम्स मिल, टमस ब्राउन आदिको महत्त्वपूर्ण भूमिका रहेको छ (शर्मा र लुइटेल, २०६१, पृ.१६३) । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६१) ले कृतिमा पाइने आन्तरिक यथार्थको विश्लेषण, मानवमनका विविध पक्षहरूको उद्घोष, लेखकको व्यक्तित्वलाई अत्यधिक महत्त्व, पात्रहरूलाई जिउँदो मानिस ठानी कृतिको विश्लेषण, साहित्यलाई मानव मन र मानसिकतासित जोडी त्यसैको प्रतिक्रियाका रूपमा हेर्नेलगायतका विशेषता अवलम्बन गर्ने सिद्धान्तका रूपमा मनोविश्लेषण विकसित र विस्तारित भएको विचार प्रस्तुत गरेका छन् (पृ.१९४) । उपर्युक्त तथ्यहरूलाई आत्मसात् गर्दा मनोविश्लेषणात्मक सिद्धान्तको स्थापना, विकास र विस्तारमा सिग्मन्ड फ्रायडलगायत विभिन्न चिन्तकहरूको योगदान रहेको तथा पात्रको आन्तरिक यथार्थको अध्ययनमा केन्द्रित रहने पद्धतिका रूपमा मनोविश्लेषणात्मक समालोचनाको स्थापना, विकास र विस्तार भएको सार प्राप्त हुन्छ ।

एकल र बहुल पात्रीय पद्धति गरी मनोविश्लेषणका दुई पद्धति रहेका छन् । साहित्यिक कृतिमा कुनै एक पात्रको मात्र मनोविज्ञान प्रस्तुत गरी एकमात्र पात्रको बृहत् चारित्रिक विकास गर्ने मान्यतामा आधारित मनोविश्लेषणात्मक पद्धति नै एकल पात्रीय मनोविश्लेषणात्मक पद्धति हो (बरई, २०८०, पृ.१२१) । यस पद्धतिले कृतिमा एकमात्र पात्रको मनोविज्ञान प्रस्तुत गर्नुपर्ने, एकमात्र पात्रलाई कृतिको संरचना निर्मितिमा सर्वोपरि भूमिका दिनुपर्ने, एकमात्र पात्रको बृहत् चारित्रिक विकास गर्नुपर्ने तथा पात्रको यथेष्ट चारित्रिक विकासका निम्ति विभिन्न मनोवैज्ञानिक युक्तिहरूको प्रयोग गर्नुपर्ने मान्यता राख्दछ (बरई, २०८०, पृ.८६) । साहित्यिक कृतिमा दुई वा सोभन्दा बढी पात्रहरूको मनोविज्ञान प्रस्तुत गरी दुई वा सोभन्दा बढी पात्रहरूको बृहत् चारित्रिक विकास गर्ने अवधारणामा आधारित मनोविश्लेषणात्मक पद्धति नै बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धति हो (बरई, २०८०, पृ.१२६-१३८) । यस पद्धतिले साहित्यिक कृतिमा दुई वा सोभन्दा बढी पात्रहरूको मनोविज्ञान प्रस्तुत गर्नुपर्ने, दुई वा सोभन्दा बढी पात्रहरूको बृहत् चारित्रिक विकास गर्नुपर्ने तथा दुई वा सोभन्दा बढी पात्रहरूको केन्द्रीयतामा कृतिको संरचना (कथानक, पात्र, सारवस्तु र दृष्टिविन्दु) को निर्मिति गर्नुपर्ने मान्यता प्रस्तुत गर्दछ (बरई, २०८०, पृ.८६) । मूलतः बाह्य

सीमित दृष्टिविन्दुप्रयुक्त आख्यानमा एकल पात्रीय र बाह्य सर्वदर्शी दृष्टिविन्दुप्रयुक्त आख्यानमा बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिको प्रयोग गरिन्छ । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा कृतिलाई एकल वा बहुल पात्रको मनोविश्लेषणको केन्द्रीयतामा रचना गरिएको विषयवस्तुको खोजी र विश्लेषण गर्दै कृतिको मूल्य निर्धारण गर्नुपर्ने अध्ययन पद्धतिका रूपमा उल्लिखित पद्धति रहेको निष्कर्ष प्राप्त हुन्छ ।

बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिमा दुई वा सोभन्दा बढी पात्रहरूको भावना, विचार, कुण्ठा, चिन्ता, आक्रोश, अन्तर्द्वन्द्व, मनोविकृति, एक्लोपना, अनुद्घाटित भूल, निराशा आदिको खोजी र विश्लेषण गर्ने कार्यलाई बढी प्राथमिकता दिइन्छ । मनोविश्लेषणको यस पद्धतिका कोणबाट साहित्यिक कृतिको मूल्याङ्कन गर्दा कृतिका दुई वा सोभन्दा बढी पात्रहरूको चरित्राङ्कनमा उपर्युक्त पक्षहरूको खोजी गरिन्छ । यसैगरी यस पद्धतिका कोणबाट साहित्यिक कृतिको मूल्याङ्कन गर्दा कथानक प्रस्तुतिका गराइ र भनाइभन्दा सोचाइलाई बढी प्राथमिकता दिइन्छ । गराइ, भनाइ र सोचाइ कथानक प्रस्तुति र निर्माणका प्रमुख उपाय मानिन्छन् (श्रेष्ठ, २०७९, पृ.२३) । पात्रहरूलाई मानसिक गन्थनमा सरिक गराई वा मानसिक प्रतिक्रिया दिन लगाई कथानक प्रस्तुत गर्ने उपाय नै सोचाइ हो । गराइ र भनाइलाई पनि मानसिक गन्थनकै प्रतिफल मान्ने काम मनोविश्लेषणले गर्दछ । त्यसैगरी पात्रहरूको चरित्रलाई परिपाकमा पुऱ्याउनाका निम्ति उनीहरूका आचरण र व्यवहारमा मनोविज्ञानका जीवनमूलप्रवृत्ति, मृत्युमूलप्रवृत्ति, इड, अहम्, पराहम्, चेतन, अवचेतन, अचेतन आक्रामक प्रेरणा, हीनताग्रन्थि, उच्चताग्रन्थिजस्ता वृत्तिहरूको आरोपण गरिन्छ ( घर्ती, २०६७, पृ.१२-३९) । यसरी नै कृष्णहरि बराल (२०७२) ले कृतिको मनोविश्लेषणात्मक अध्ययनमा चेतन, अचेतन, अवचेतन, स्वपीडन, परपीडन, चिन्ता, मातृरतिग्रन्थि, पितृरतिग्रन्थिजस्ता युक्तिले सघाउने अभिमत प्रस्तुत गरेका छन् (पृ.१२-७५) । उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा बहुल पात्रहरूको मनोविश्लेषण, कथानकप्रस्तुति र निर्मितिमा बहुल पात्रहरूको सोचाइगत कार्यव्यापारको प्रबलता, भनाइ र गराइसँग सम्बद्ध कार्यव्यापारको निर्मितिमा बहुल पात्रको सोचाइगत केन्द्रीयता, बहुल पात्रहरूको चरिकाङ्कनमा विभिन्न मनोवैज्ञानिक युक्तिहरूको उपयोगजस्ता सूचकहरूलाई आधार बनाई कृतिको बहुल पात्रीय मनोविश्लेषणात्मक ढङ्गले अध्ययन गर्न सकिने निष्कर्ष प्राप्त हुन्छ । प्रस्तुत लेखलाई यिनै सिद्धान्तको केन्द्रीयतामा पूर्णता प्रदान गरिएको छ ।

## विश्लेषण र नतिजा

कथाकार भवानी भिक्षुको 'सैनिक' कथामा प्रयुक्त बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिको विश्लेषण र नतिजा निम्नअनुसार प्रस्तुत गरिएको छ :

### बहुल पात्रहरूको अन्तर्यथार्थ प्रस्तुतिगत पद्धतिको प्रयोग

भवानी भिक्षुको 'सैनिक' कथाका प्रमुख पात्रद्वय टामसन र रोजीको मनोविश्लेषण गरिएको छ । साहित्यिक कृतिमा पात्रहरूको आक्रामकता, युद्धप्रियता, सङ्घर्षशीलता,

उदारता, दयालुपना आदिको अङ्कनका माध्यमबाट पनि मनोविश्लेषण गरिन्छ (रामप्रकाश, सन् १९९४, पृ.१४०) । यस विचारलाई दृष्टिगत गर्दा प्रस्तुत कथाको प्रमुख पुरुष पात्र टामसनको चरित्रमा आक्रामकता, युद्धप्रियता र सङ्घर्षशीलताको वर्णन गरिएको छ । सानै उमेरदेखि शारीरिक व्यायाम गर्नु, सेनामा भर्ना हुनाका लागि कठोर र कठिन प्रकृतिका अभ्यासहरू गर्नु, विपक्षी राष्ट्रका सैनिकहरूसित आक्रामक ढङ्गले युद्ध गर्नु, युद्ध चलिरहँदाका अवस्थामा तिघ्रा र पाखुरामा गोली लागी रगत बगिरहँदासमेत लडिरहनु, छेउछाउका आफ्नै समूहका सैनिकहरू ढल्दासमेत विचलित नहुनु, वैवाहिक जीवनमा आबद्ध भई एक छोरा र एक छोरीको बाबु भइसक्दा समेत पत्नी रोजी बाखाको दुधमुखे पाठाको उफ्र्याइ हेरी चरम आनन्द लिइरहँदाका अवस्थामा कोठाबाट राइफल ल्याई पाठो मार्नु, उक्त घटनाका माध्यमबाट पत्नीलाई गहिरो मानसिक सन्तापमा पुऱ्याउनुजस्ता टामसनसँग सम्बद्ध कार्यव्यापारले उसको आक्रामक, युद्धप्रिय र सङ्घर्षशील मनस्थितिको चिनारी दिन्छन् । उल्लिखित कुरालाई तलको कथांशद्वारा थप प्रस्ट्याइएको छ :

> उसले बाँच्नुको शिक्षा नै खतरावाला साहित्यबाट सुरु गरेको थियो । शीघ्रतम फौजी तयारीमा कडाकडा मिहिनेतको काम र मृत्युको अनेक किसिमको निरन्तरको परिचय नै उसको जीवनको परिचय थियो ।.... निडर र खुब ठुलाठुला सुन्दर आँखा, मजबुत हाडको चाक्लो छाती, कठोर त हैन, तर दृढ चेहरा र प्रशस्त मजबुत शरीरको ऊ होनहार मानिस भन्ने सबैले ठहराएथे । .... सहसा उसको राइफल चडक्यो 'चट्याक्क !' तिखो, सुरिलो आवाज, अनि यसको 'फ्लेम'- ज्वाला - त....। हत्तपत्त उसले राइफलमा आँखा घुमायो ।.... एक दुई गोलीहरू उसको तिघ्रा र दाहिने पाखुरा छेडेर पार भए । उसको छाती रौँ प्रमाणले बच्यो, नत्र हार्ट सट नै हुने थियो । हाडहरू पनि बिलकुलै टुटेनन् । ठिक छ केही भएन - चोटलाई तात्कालिक सावधानी दिएर उसले फेरि राइफल सह्माल्यो । (पृ.५६ र ५७)

उपर्युक्त कथांशले टामसनको बलियो शारीरिक व्यक्तित्व, शरीरलाई बलियो र कसिलो बनाउनाका निम्ति उसद्वारा गरिएका कठिन अभ्यास, आफ्ना सैनिक साथीहरू ढलिरहँदा एवम् आफ्नै तिघ्रा र दाहिने पाखुरामा गोली लागी रगत बगिरहँदाको अवस्थामा समेत विपक्षी सेनासित लडी आफ्नो राष्ट्रको विजय दिलाउने कार्यमा सघाउने साहसी व्यक्तित्वलाई प्रस्ट्याई उसको आचरण र व्यवहारमा आक्रामकता, युद्धप्रियता र सङ्घर्षशीलताको प्रबलता रहेको तथा ऊ यस्तै मनोविज्ञानद्वारा सञ्चालित रहेको कुरालाई छर्लङ्ग्याएका छन् ।

भवानी भिक्षुको 'सैनिक' कथाकी प्रमुख नारीपात्र रोजीको चरित्रमा उदारता, दयालुपन, समन्वय, कोमलताजस्ता वैशिष्ट्य पाइन्छन् । रोजी उदार, दयालु, कोमल र समन्वय गर्ने स्वभावकी नारी पात्र हो र ऊ यिनै आन्तरिक प्रवृत्तिद्वारा अभिप्रेरित पनि छे

। राष्ट्रको गरिमा बढाउने काममा योगदान पुऱ्याउने सैनिकहरूको सम्मान गर्नाका निम्ति केही शिक्षित युवतीहरूसित मिली सैनिक सम्मान कार्यक्रमको आयोजना गर्नु, भव्य समारोहका बिच सैनिकहरूलाई सम्मान गर्नु, सैनिकहरूमध्येबाट टामसनलाई आफ्नो प्रेमी र पति बनाउनु, एउटा छोरा र एउटी छोरीका आमा बन्नु, आफ्नी एक वर्षिया छोरी र चारपाँच दिने बाख्राको पाठामा सादृश्य देखी पाठाको उफ्र्याइमा चरम आनन्द लिइरहँदाका अवस्थामा पतिको आगमन हुँदा पतिलाई पनि आनन्द लिनाका निम्ति आग्रह गर्नु, पतिले राइफलद्वारा पाठालाई मार्न खोज्दा नमार्नाका निम्ति आग्रह गरिरहनु तथा पतिले पाठालाई गोली प्रहार गरी मार्दा बेहोस हुनुजस्ता रोजीसँग सम्बद्ध कार्यव्यापारले रोजीमा भावुकता, उदारता, कोमलता, सहकार्यात्मकताजस्ता वैयक्तिक विशेषताहरू रहेको तथा ऊ र उसका प्रत्येक कार्य यिनै प्रवृत्तिद्वारा सञ्चालित रहेको कुरालाई प्रस्ट्याएका छन् ।

प्रत्येक व्यक्तिका जीवन जिउने प्रक्रिया भिन्नभिन्न हुन्छन् । ती व्यक्तिहरूले आआफ्नै ढङ्गले जीवन बाँच्न खोजिरहेका हुन्छन् । कसैले नियन्त्रण गर्न खोजे पनि व्यक्तिको जीवन जिउने प्रक्रिया आफ्नै ढङ्गमा अघि बहिरहेको हुन्छ । मनोविश्लेषक हैबलाक एलिसले प्रत्येक व्यक्तिहरूको जीवनदर्शन फरकफरक रहने तथा एक व्यक्तिले अर्का व्यक्तिको दर्शन स्वीकार नगर्ने विचार प्रस्तुत गरेका छन् (रामप्रकाश, सन् १९९४, पृ.१४३ मा उद्धृत) । यस विचारलाई सामान्यीकरण गर्दा प्रस्तुत कथाका पात्रद्वय टामसन र रोजीका जीवन जिउने जीवनदर्शन फरकफरक रहेको सार प्राप्त हुन्छ । टामसन एकलकाटे, हलुङ्गो, समन्वय नगर्ने, जीवनलाई सामान्य रूपमा लिने, मर्ने र मार्ने कामलाई सामान्य रूपमा लिने, अर्काको भावना बोध गर्न नसक्ने, परपीडक लगायतका विशेषतालाई अबलम्बन गरी सोहीअनुसार जीवनयापन गर्न चाहन्छ । उसको कार्यकलापले अन्य व्यक्ति खुसी वा दुःखी हुने विषयलाई उसले प्राथमिकता दिँदैन । ऊ ईर्ष्यालु स्वभावको पनि छ । आफ्नो बच्चा र बाख्राको पाठामा सादृश्य देखी पाठाको उफ्र्याइमा आनन्द लिइरहेकी आफ्नै पत्नी रोजीप्रति ईर्ष्यालु भई पाठा मारी पत्नीलाई ठुलो मानसिक सन्तापमा पुऱ्याउने टामसनको कार्यले उसको ईर्ष्यालु स्वभावको द्योतन गर्दछ । यसका विपरीत भावुक, दयालु, संवेदनशील, गम्भीर, समन्वयवादी र अर्काका खुसीमा खुसीको अनुभूति गर्ने रोजी कसैलाई दुःखी नतुल्याईकन जीवन जिउन चाहन्छे । देशको गरिमा बढाउने कार्यमा सघाउने सैनिकहरूको सम्मानमा कार्यक्रमको आयोजना गर्ने, तिनै सैनिकमध्ये एकजनालाई प्रेमी र पति बनाउने, बाख्राको पाठामा पनि मानवीय संवेदना देख्ने, पतिसित सधैँ समन्वय गर्न खोज्नेजस्ता रोजीका कार्यले उसको भावुक, संवेदनशील, समन्वयवादी र उदारशील स्वभावको चिनारी दिन्छन् । युद्धमा सँगै लडिरहेको मोटो कप्तानलाई गोला लागी उसको मुख पछाडि (पिठ्यूँ) तर्फ फर्कँदा टामसनले मनमनै स्मरण गरेको प्रस्तुत कथाको "वास्तवमा यसको मुख पिठ्यूँतिरै भएको हुँदो हो त, यो परेडमा अगाडि बढ्नुको बदला पछाडितिरै लेफ्टराइट गर्दो हो । अनि... कस्तो मज्जाको कुरा, अनि...." (पृ.५७) भन्ने

कथांशले टामसनको जीवनलाई सामान्य रूपमा लिने र साथीसमेतको मृत्युमा आनन्द र मनोरञ्जनको अनुभूति गर्ने स्वभावको उद्घोष गरेको छ । देशको रक्षा गर्ने सैनिकलाई पति रोजी उससँग सहकार्य गरी सुखद र समुन्नत ढङ्गले पारिवारिक जीवनयापन गर्ने तथा पतिलाई सर्वस्व ठान्ने रोजीको मनोविज्ञानअनुकूलको आचरण र व्यवहार पतिद्वारा नगरिँदाका अवस्थामा रोजीका मनमा उद्वेलित प्रस्तुत कथाका "सबै कुरा त्याग गर्नु, सारा छोड्नु र बलिदान हुनु एउटा भ्रम थियो, एउटा गल्तीको कुरा थियो" (पृ.५८) भन्ने कथांशले टामसनलाई जीवनसाथी रोजेकामा रोजी आन्तरिक रूपमा अत्यन्त बिह्वल भएको, उसको पति रोज्ने काम प्रत्युत्पादक ठहरिएको, उसको दाम्पत्य जीवन कष्टप्रद र असन्तुष्टियुक्त तथा पति र पत्नीको मन मिल्न नसकेको कुरालाई प्रस्ट्याएको छ । अतः प्रस्तुत कथाका प्रमुख पात्रद्वय टामसन र रोजीका जीवन जिउने दर्शन फरकफरक भएको, दुबै आआफ्नै मनोविज्ञानद्वारा सञ्चालित भई जीवनयापन गरिररहेको, एकले अर्कालाई आफ्नो अनुकूल बनाउन नसकेको तथा तिनीहरूका बिचमा समन्वय र सहकार्यको अभाव रहेको विषयवस्तुलाई उल्लिखित कार्यव्यापारले प्रस्ट्याएका छन् । उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा प्रस्तुत कथाका प्रमुख पात्रद्वय टामसन र रोजीको मनोविश्लेषण गरिएको, ती दुबै पात्रको मनोविज्ञान एकअर्काका विपरीत रहेको, ती दुबैको जीवनदर्शनमा समानता नभएको, दुबै आआफ्नै ढङ्गले जीवन जिउन खोजेको तथा यस्तो पद्धतिको प्रयोगले यस कथाको पात्रविधान मौलिक, जीवन्त, सशक्त तथा मानवजगत्का व्यक्तिहरूको द्योतन गर्न सक्ने वैशिष्ट्ययुक्त बनेको सार प्राप्त हुन्छ ।

**बृहत् चारित्रिक विकासगत पद्धतिको उपयोग**

मनोविश्लेषणको बहुल पात्रीय पद्धतिले एउटै कथामा दुई वा सोभन्दा बढी पात्रहरूको मनोविश्लेषण गरी बढीभन्दा बढी पात्रहरूको बृहत् चारित्रिक विकास गर्नुपर्ने मान्यता प्रस्तुत गर्दछ । यस्तो चारित्रिक विकास मनोविश्लेषणात्मक कथामा पात्रहरूको मनोविज्ञानको प्रस्तुतिका माध्यमबाट गरिन्छ । कथामा सामान्य तथा असामान्य पात्रहरूको प्रयोगका माध्यमबाट एकभन्दा अर्को पात्र भिन्न रहेको तथा पात्रहरूको जीवन्तता र मौलिकताको द्योतनसमेत गरिन्छ । सामान्य पात्रका सुसङ्गत, सहज, समायोजित, बहिर्मुखी, सन्तुलित, परिपक्व, अन्तर्द्वन्द्वरहित, अविकृतजस्ता विशेषता देखिन्छन् (घर्ती, २०६७, पृ.८९) भने असामान्य पात्रमा असङ्गत, जटिल, असमायोजित, अन्तर्मुखी, असन्तुलित, अपरिपक्व, अन्तर्द्वन्द्वग्रस्त, विकृतजस्ता लक्षण पाइन्छन् (शर्मा, २०७८, पृ.४१८) । यसैगरी पात्रहरूलाई बढीभन्दा बढी मानसिक गन्थन र प्रतिक्रियामा संलग्न गराई पात्रहरूको बृहत् चारित्रिक विकास गर्ने उपाय यस पद्धतिमा अवलम्बन गरिन्छ । युङले विचार, भाव, संवेदना र सहजज्ञान वा अन्तर्दृष्टिजस्ता चारओटा मानसिक शक्तिको उल्लेख गर्दै यिनै शक्तिलाई मानिसका सम्पूर्ण कार्यहरूको उत्प्रेरक बताएका छन् (मिश्र,

सन् २०११, पृ.१०२ मा उद्धृत) । त्यसैगरी यस्ता कथामा पात्रको मानसिक गन्थन र प्रतिक्रियाका आधारमा भनाइ (संवाद) र गराइ (काम) को निर्क्योल पनि गरिन्छ ।

भवानी भिक्षुको 'सैनिक' कथामा बहुल पात्रहरूको बृहत् चारित्रिक विकासगत पद्धतिको प्रयोग गरिएको छ । प्रस्तुत कथाका प्रमुख पात्रद्वय टामसन र रोजीको आन्तरिक स्वभाव र वैशिष्ट्यको प्रस्तुतिका आधारमा ती पात्रहरूको बृहत् चारित्रिक विकास गर्न खोजिएको छ । ती दुबै पात्रहरूको बृहत् चारित्रिक विकासमा अवलम्बित मनोविश्लेषणगत आधारहरूको उपयोगलाई तलको आरेखद्वारा प्रस्ट्याइएको छ :

तालिका

| क्र.सं. | आधार | टामसन | रोजी |
|---|---|---|---|
| १. | व्यवहार | असङ्गत | सङ्गत |
| २. | प्रकृति | जटिल | सहज |
| ३. | समायोजन | असमायोजित | समायोजित |
| ४. | अभिवृत्ति | अन्तर्मुखी | बहिर्मुखी |
| ५. | व्यक्तित्व | असन्तुलित | सन्तुलित |
| ६. | संवेगात्मक परिपक्वता | अपरिपक्व | अपरिपक्व |
| ७. | मानसिक अन्तर्द्वन्द्व | अन्तर्द्वन्द्वग्रस्त | अन्तर्द्वन्द्वग्रस्त |
| ८. | मानसिक अवस्था | विकृत | अविकृत |

स्रोत : स्वाध्ययन

उल्लिखित तालिकालाई आत्मसात् गर्दा भवानी भिक्षुको 'सैनिक' कथाको पुरुष पात्र टामसनमा असङ्गत, जटिल, असमायोजित, अन्तर्मुखी, असन्तुलित, अपरिपक्व, अन्तर्द्वन्द्वग्रस्त र विकृत तथा महिला पात्र रोजीमा सङ्गत, सहज, समायोजित, बहिर्मुखी, सन्तुलित, अपरिपक्व, अन्तर्द्वन्द्वग्रस्त र अविकृतजस्ता चारित्रिक विशेषता प्राप्त हुन्छन् । उक्त तालिकाअनुसार टामसन पूर्ण रूपले असामान्य पात्रका रूपमा देखापरेको छ भने अपरिपक्व र अन्तर्द्वन्द्वग्रस्तबाहेक रोजीमा सामान्य पात्रगत विशेषता देखिएका छन् । विपक्षी सैनिकहरूसित लडिरहँदा सँगै लडिरहेका आफ्नै समूहका सैनिकहरू गोली लागी मरिरहँदा उनीहरूको विगतको व्यवहार स्मरण गरी हाँस्ने, उनीहरूप्रति हास्यात्मक टिप्पणी गर्ने, पत्नी रोजीले पाठाको उफ्र्याइमा आफ्नै सन्तानको सादृश्य देखी चरम आनन्द लिइरहँदा बाहिरबाट घर आएको पतिलाई पनि उक्त आनन्द प्राप्त गर्नाका निम्ति आग्रह गर्दा बन्दुकले बाखाको कलिलो पाठालाई मार्नेजस्ता टामसनसँग सम्बद्ध कार्यव्यापारले ऊ असङ्गत पात्र भएको कुराको पुस्ट्याइँ गर्दछन् भने स्वभाव बुझ्न गाह्रो हुने, चारित्रिक विशेषता निर्क्योल

र उसको जीवन बचाइगत दर्शन बोध गर्न नसक्नेजस्ता उसका चारित्रिक विशेषताले ऊ जटिल, सैनिक साथीहरूसित घुलमिल नहुने, घरपरिवारका सन्तान र पत्नीसित पनि सुमधुर सम्बन्ध कायम गर्न नसक्नेजस्ता उसका कार्यले ऊ असमायोजित तथा पत्नीसित उसको अन्तर्मनमा असन्तुष्टि रहेको तर त्यसलाई बाह्य रूपमा प्रकट हुन नदिएको एवम् अन्तरिक रूपमा सङ्घर्षरत रहेको टामसनसँग सम्बद्ध कार्यव्यापारले ऊ अन्तर्मुखी र अन्तर्द्वन्द्वग्रस्त पात्र भएको कुरालाई छर्लङ्ग्याउँछन् । युद्धरत अवस्थामा आफ्नै साथी ढल्दा मनोरञ्जन प्राप्त गर्ने, रोजीका विषयमा केही नबुझीकनै प्रेमिका र जीवनसाथी बनाउने, छोराछोरीसहित पत्नी बाख्राको पाठाको उफ्राइमा चरम आनन्द लिइरहँदा पाठालाई गोली हानी मार्नेजस्ता टामसनका कार्यले ऊ असन्तुलित, अपरिपक्व र विकृत पात्र भएको कुरालाई स्पस्ट्याउँछन् । देशको अस्तित्वरक्षा गर्ने सैनिकहरूको सम्मानमा आयोजित कार्यक्रमको अगुवाइ गर्ने, तिनै सैनिकमध्ये एकजना सैनिकलाई प्रेमी र पति वरण गर्ने, पतिकी धाईआमा र छोराछोरीसित मिलेर एवम् राम्रोसँग हेरविचार गरी बस्ने, पतिसित बारम्बार समन्वय गर्न खोज्नेलगायतका रोजीसँग सम्बद्ध कार्यव्यापारले ऊ सङ्गत, सहज, समायोजित, बहिर्मुखी, सन्तुलित र अविकृत पात्र भएको कुरालाई छर्लङ्ग्याएका छन् । पति रोज्नेजस्तो अत्यन्त संवेदनशील कार्य एक कार्यक्रममा एकजना सैनिकलाई हतारमा रोज्ने तथा उसको रुचि, स्वभाव आदि केही नबुझीकनै पति वरण गर्ने रोजीका कार्यले ऊ अपरिपक्व तथा पतिसित असन्तुष्ट रहने, उसलाई पति रोजेकामा खिन्न रहने, जीवनयापन गर्न गाह्रो मान्नेलगायतका रोजीका कार्यले ऊ अन्तर्द्वन्द्वग्रस्त पात्र भएको कुराको पुष्टि गर्दछन् । उपर्युक्त तथ्यहरूलाई सामान्यीकरण गर्दा टामसन असामान्य र रोजी सामान्य पात्र भएको, रोजी पनि विस्तारै असामान्य अवस्थामा पुग्ने सङ्केत देखिएको, यी दुबै पात्रको चरित्र परस्पर विरोधी भएको, यिनको दाम्पत्य जीवन दुःखद हुन नसक्ने तथा उल्लिखित चारित्रिक वैशिष्ट्यका आधारमा संसारमा पाइने फरकफरक व्यक्तिहरूको द्योतन गरिएको, बहुल पात्रहरूको बृहत् चारित्रिक विकास गर्न खोजिएको एवम् यस कथाको पात्रविधानलाई मौलिक, जीवन्त र विविधतापूर्ण बनाउन खोजिएको सार प्राप्त हुन्छ ।

भवानी भिक्षुको 'सैनिक' कथाका प्रमुख पात्रद्वय टामसन र रोजीलाई मूलतः मानसिक प्रतिक्रियामा संलग्न गराउनुका साथै सोचाइका आधारमा विभिन्न कार्यव्यापारमा संलग्न गराई ती पात्रहरूको चारित्रिक विकास गर्न खोजिएको छ । देशको अस्तित्व रक्षामा योगदान पुऱ्याउने मानसिकता बनाउने टामसनले सोही मनस्थितिअनुसार कठोर प्रकृतिका शारीरिक व्यायाम गर्ने, आफ्नो शरीरलाई बलियो बनाउने, सेनामा सहजतासाथ भर्ना हुने, सैनिक तालिमहरू सहजतासाथ सम्पन्न गर्ने, युद्धरत एउटा समूहको नेतृत्व गर्ने, सँगैका सैनिक साथीहरू विपक्षी सेनाद्वारा मारिँदा अलिकति पनि विचलित नहुने, आफ्नै साप्रा र पाखुरामा गोली लाग्दासमेत वीरतापूर्वक लडिरहने तथा युद्धमा राज्यलाई विजय दिलाउने

कार्यमा सहयोगी बन्नेजस्ता कार्य गरेको छ । उसका यस्ता कार्यले ऊ प्रथमतः एउटा मनस्थितिको निर्मिति गरेको तथा त्यसै मनस्थितिको केन्द्रीयतामा काम गर्दै लक्ष्यमा पुगेको कुराको पुस्ट्याइँ गरेका छन् । यसैगरी आमाबुवाको पालनपोषणको पूर्ण अभाव एवम् धाईआमाको एकल रेखदेखमा पालिएको टामसन युद्धका निम्ति आफूलाई योग्य बनाइरहँदाका अवस्थामा पनि उसले धाईआमाबाहेक कसैलाई स्मरण गर्दैन । आमाबुवाको माया र प्रेमबाट वञ्चित रहेको टामसन पत्नीप्रेम र सन्तानप्रेमको वास्तविकता, दाम्पत्यजीवनमा सहकार्यको महत्त्व एवम् पत्नी र सन्तानको सुखमा आफूलाई सुखी र खुसी तुल्याउने पतिगत दायित्व बोध गर्न नसकी पत्नीसित सहकार्य नगर्ने, सन्तानसहित पत्नीले पाठाको उफ्र्याइमा चरम आनन्द लिइरहँदा पाठालाई मार्ने, पत्नीलाई गहिरो सन्तापमा पुऱ्याउनेजस्ता कार्य गर्दछ । उल्लिखित कार्यव्यापारले ऊ विकृत मनस्थितिद्वारा सञ्चालित रहेको कुराको पुस्ट्याइँ गर्दछन् । यस कथाकी प्रमुख नारी पात्र रोजी पनि आफ्नै मनस्थितिद्वारा सञ्चालित छे । राष्ट्रको अस्तित्वरक्षा गर्ने कार्यमा सघाउने सैनिकहरूको सम्मान गर्ने मानसिकता रोजीले बनाउँछे । सोही मनस्थितिअनुसार केही शिक्षित युवतीहरूसित मिलेर सैनिकहरूको सम्मान कार्यक्रमको आयोजना गर्ने, सैनिकहरूलाई फूलमाला, अबीर आदि लगाई सम्मान गर्ने, एकजना सैनिकलाई पति वरण गर्ने, पतिसँग सदैव सहकार्य र समन्वय गर्न खोज्नेजस्ता रोजीका कार्य उसकै उदार, दयालु र भावनाशील मनस्थितिका परिणति हुन् । उपर्युक्त तथ्यहरूलाई वरण गर्दा प्रस्तुत कथाका पात्रहरूलाई मानसिक प्रतिक्रियामा संलग्न गराई सोही मनस्थितिका आधारमा पात्रहरूलाई विभिन्न काममा सहभागी गराई तिनीहरूको चरित्रलाई जीवन्त, मौलिक, र प्रभावान्वितिपूर्ण बनाइएको निष्कर्ष प्राप्त हुन्छ ।

**पात्रहरूको चरित्राङ्कनमा विभिन्न मनोविश्लेषणात्मक युक्तिहरूको प्रयोग**

चेतन मन, अचेतन मन, अहम्, आत्मरति, जीवनमूलप्रवृत्ति, मृत्युमूलप्रवृत्ति, आत्मपीडन, परपीडनजस्ता युक्तिको प्रयोगका माध्यमबाट पात्रहरूको बृहत् चारित्रिक विकास गरिन्छ । मान्छे सचेत भएको मानसिक अवस्था नै चेतन मन हो । व्यक्तिलाई थाहा वा ज्ञात नभएको अवस्था नै अचेतन मन हो (श्रेष्ठ, २०७८, पृ.१२१) । फ्रायडले मान्छे मूलतः अचेतनको प्रेरणाले परिचालित हुन्छ र यस्तो परिचालन अनैतिक एवम् पाशविक स्वरूपको हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् (घर्ती, २०६७, पृ.१ मा उद्धृत) । दमित इच्छाहरूका कारण अचेतन मनको विकास हुन्छ (वर्मा, वर्मा, भारती, चतुर्वेदी र रघुवंश, सन् २०१०, पृ. ४७५) । स्वत्वरक्षा वा आत्मसंरक्षणको भाव बोध गराउने मनस्थिति नै अहम् हो । सामाजिक र नैतिक दबाबहरूका कारण अहम्को विकास हुन्छ ( विवेकशंकर, सन् २०२०, पृ.३४९) । अहम्का शक्तिहरू मूलतः चेतनमा हुन्छन् (Brown, 1940, p.166) । स्वयम्मा रमाउने मानसिक प्रवृत्ति नै आत्मरति हो (बराल र एटम,

२०५८, पृ.१३३) । जीवनप्रति हौसिने वृत्ति जीवनमूलप्रवृत्ति तथा जीवनप्रति निराश वा निरुत्साहित हुने अवस्था नै मृत्युमूलप्रवृत्ति हो । जीवनमूलप्रवृत्तिबाट प्रभावित भएर व्यक्तिले आफू वा अरूका लागि रचनात्मक कार्य गर्दछ (सुलेमान र तैवाब, सन् २००४, पृ.८०) । जीवनमूलप्रवृत्ति हाबी हुँदा व्यक्ति आत्मरक्षा, रचना र प्रेमतर्फ अग्रसर हुने तथा मृत्युमूलप्रवृत्ति शक्तिशाली हुँदा (बाह्य संसारतर्फ निर्देशित हुँदा) घृणा गर्ने, विनाश गर्ने, पीडा दिने र मार्ने एवम् आफूतर्फ निर्देशित हुँदा व्यक्तिले आत्महत्यासमेत गर्दछ भन्ने धारणा बोलम्यानको छ (घर्ती, २०६७, पृ.१४ मा उद्धृत) । आफूले आफैलाई वा अन्य व्यक्तिले आफूलाई दुःख दिएर वा दिँदासमेत आनन्दित हुने मानवीय वृत्ति नै आत्मपीडन हो (बराल, २०७२, पृ.३६) । आफूले अन्य व्यक्तिलाई वा अन्य व्यक्तिले अरूलाई पीडा दिँदा रमाउने प्रवृत्ति नै परपीडन हो । जति बढी यस्ता मनोविश्लेषणात्मक युक्तिहरूको प्रयोग पात्रहरूको मनोविश्लेषणमा गरिन्छ त्यति नै पात्रहरूको बृहत्तर ढङ्गले चारित्रिक विकास सम्भव हुन्छ । अतः पात्रहरूको बृहत् चारित्रिक विकासमा मनोविश्लेषणात्मक युक्तिहरूको अहम् भूमिका रहने कुरा प्रस्ट हुन्छ ।

भवानी भिक्षुको 'सैनिक' कथाका प्रमुख पात्रद्वय टामसन र रोजीको चरित्रचित्रणमा चेतन, अचेतन, अहम्, आत्मरति, जीवनमूलप्रवृत्ति, मृत्युमूलप्रवृत्ति, आत्मपीडन, परपीडनरजस्ता मनोविश्लेषणात्मक युक्तिहरूको आरोपणका माध्यमबाट उनीहरूको चरित्रलाई परिपाकमा पुऱ्याउन खोजिएको छ । देशको अस्तित्व रक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउने अभीष्टका साथ शारीरिक व्यायाम गरी शरीरलाई बलियो बनाउनु, सेनामा भर्ती हुनु, युद्धमा अलिकति पनि विचलित नभईकन विपक्षी सेनालाई पराजित गराउने कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुजस्ता टामसनसँग सम्बद्ध कार्यव्यापारले ऊ चेतन मनद्वारा प्रवाहित भएको कुरालाई प्रस्ट्याएका छन् भने देशको अस्तित्वरक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएका सैनिकहरूको सम्मानमा कार्यक्रमको आयोजना गर्नु, कार्यक्रममा नेतृत्वदायी भूमिका वरण गर्नु, सैनिकहरूप्रति उच्च सम्मान प्रकट गर्नुजस्ता रोजीसँग सम्बद्ध कार्यव्यापारले ऊ पनि चेतन मनद्वारा सञ्चालित रहेको कुरालाई छर्लङ्ग्याएका छन् । यसैगरी युद्धमा आफ्नै सैनिक साथीहरूले सहादत प्राप्त गरिरहँदा उनीहरूको अतीतको व्यवहार सम्झी हाँसिरहनु, मृत साथीहरूप्रति सहानुभूतिका सट्टा उपेक्षाभाव प्रकट गर्नु, पत्नीको भावना नबुझ्नु, पत्नीले बाखाको पाठालाई गोली नहान्न सक्दो प्रयास गर्दा पनि मारिछाड्नेजस्ता टामसनका व्यवहारले ऊ अचेतन मनद्वारा समेत सञ्चालित भएको कुरालाई छर्लङ्ग्याएका छन् । यस कुरालाई तलको कथांशद्वारा थप प्रस्ट्याइएको छ :

> लास अर्कैतिर ढल्यो ।- 'इडियट, एकदम मैमाथि पछारिन आइरहेथ्यो । घाउ त कमसेकम दुःखी नै हाल्थ्यो । आमै ! यो त त्यही हैलेटै हो नि । बच्चु रोजिन्दै प्रेमपत्र पढ्ने गर्थ्यो । अँ, जुन तरुणीको फोटो क्रिसमसमा आएको थियो, त्यो त एकदम बाँदरनीजस्तो थियो । (पृ.५७) ।

उल्लिखित कथांशले गोली लागेर वीरगति प्राप्त गरेको साथी हैलेटप्रति समवेदना र दुःख प्रकट गर्नुपर्नेमा उसलाई मुर्ख भन्नुका साथै उसको विगतका व्यवहार र उसकी प्रेमिकालाई सम्झी उपेक्षा र अपमान गर्ने टामसनको मनस्थितिलाई बुझाई ऊ अचेतन मनद्वारा क्रियाशील भएको कुरालाई प्रस्ट्याएको छ । भावुकताद्वारा सञ्चालित भई विवेकको प्रयोग नगरीकनै हठात् टामसनलाई प्रेमी र पतिका रूपमा वरण गर्नु, छोरीलाई अङ्कमाल गर्दै मातृत्वको चरम आनन्द लिइरहँदाकै अवस्थामा बाहिरबाट घर आएको पतिले पनि आफूजस्तै वात्सल्यप्रेमको आनन्द लिइरहेको अनुमान गर्नु, बाखाको पाठाको उफ्र्याइमा चरम आनन्द प्राप्त गरिरहँदा पतिले पनि उक्त दृश्यबाट चरम आनन्द लिइरहेको कुराको अड्कल लगाउनुजस्ता रोजीका आचरण र व्यवहारले ऊ अचेतन मनद्वारा प्रवाहित रहेको कुरालाई छर्लङ्ग्याएका छन् ।

भवानी भिक्षुको 'सैनिक' कथाका पात्रद्वय टामसन र रोजीको चरित्रमा अहम्, आत्मरति, जीवनमूलप्रवृति र मृत्युमूलप्रवृत्तिको आरोपण पनि गरिएको छ । धाईआमाको रेखदेखमा पालिएको तथा आमाबुवाको माया र भरणपोषणको अभावबाट उत्पन्न हीनतालाई ढाकछोप गर्न देशको सेनामा भर्ती हुनु, आफ्नो कार्यगत कुशलताका कारण आफ्नो सैनिक समूहको नेतृत्व गर्नु, आफ्नो साहस र रणकौशलबाट अभिप्रेरित भई आफूलाई आफ्ना र विरोधी पक्षका सैनिकहरूभन्दा विशेष ठान्नु, अन्य सैनिकहरूले उसको स्तरलाई भेट्न नसक्ने कुरामा विश्वस्त हुनु, पत्नीले पाठालाई नमार्न हार्दिकतापूर्वक अनुनयविनय गर्दासमेत मार्नुलगायतका टामसनका कार्यकलापले ऊ अहम् र आत्मरतिद्वारा प्रेरित भएको कुरालाई प्रस्ट्याएका छन् । आफू उच्च घरानियाँ र शिक्षित युवती भएको कुरालाई देशको अस्तित्वरक्षामा सघाएका सैनिकहरूको सम्मानमा कार्यक्रमको आयोजनाका माध्यमबाट द्योतन गर्ने, सम्मानित सैनिकमध्ये एकजना सैनिकलाई प्रेमी र पति वरण गर्ने, सैनिकलाई पति वरण गरी आफूलाई देशभक्त र प्रेरणादायी नागरिकका रूपमा प्रस्तुत गर्न खोज्ने, पतिलाई पनि आफूजस्तै भावुक ठान्ने, आफ्नी छोरी र पाठामा सादृश्य देखी चरम आनन्द लिने, उक्त आनन्दमा पतिलाई संलग्न गराउन खोज्नेजस्ता रोजीसँग सम्बद्ध कार्यव्यापारले उसमा अहम् र आत्मरतिको प्रभाव रहेको कुराको पुष्टि गर्दछन् । यसैगरी आफूलाई बलियो बनाउने, सेनाका लागि योग्य बनाउने, राज्यका निम्ति आफूलाई समर्पित तुल्याउने, विवाह गर्ने, छोराछोरी जन्माउनेजस्ता टामसनका कार्यले ऊ जीवनमूलप्रवृत्तिद्वारा सञ्चालित रहेको कुरालाई स्पस्ट्याउँछन भने देशभक्त सैनिकहरूको सम्मान गर्ने, नेतृत्व गर्ने सैनिकलाई पति वरण गर्ने, पतिसित सदैव समन्वय गर्न खोज्ने, क्षणिक समयमै एक छोरा र एक छोरीको जन्म दिने, बाखाको पाठालाई आफ्नै सन्तानसरह मान्नेलगायतका रोजीका आचरण र व्यवहारले ऊ जीवनमूलप्रवृत्तिद्वारा प्रवाहित भएको कुराको पुस्ट्याइँ गर्दछन् । युद्धरत अवस्थामा आफ्नै छेउछाउमा रहेका सैनिक साथीहरू मरिरहँदा उनीहरूप्रति घृष्णा गर्ने, उनीहरूका विगतका गतिविधिलाई सम्झी खुसी हुने,

कसैको जीवन बचाउनुका साटो जीवन समाप्त गर्नुमा नै उपलब्धि देख्ने, बाखाको पाठालाई आफ्नै सन्तानसरह मानी पाठाको उफ्र्याइमा चरम आनन्द लिइरहेकी पत्नीले उक्त आनन्दमा संलग्न हुन आग्रह गर्दा कोठाभित्रबाट बन्दुक ल्याई पाठालाई मार्ने, पाठालाई मारी पत्नीको भावना र मातृत्वमाथि ठुलो आघात पुऱ्याई पत्नीलाई बेहोस बनाउनेजस्ता टामसनका कार्यकलापहरूले ऊ मृत्युमूलप्रवृत्तिद्वारा सञ्चालित रहेको तथा उसको उक्त प्रवृत्ति बाह्य संसारतर्फ केन्द्रित भएको कुरालाई स्पस्ट्याएका छन् । विपक्षी सेनाद्वारा प्रहार गरिएको गोली टामसनको तिघ्रा र दाहिने हातमा लाग्दा छाती बालबाल बच्दासमेत उसलाई चिन्ता नहुने एवम् उक्त अवस्थाप्रति हाँस्ने र मनोरञ्जन प्राप्त गर्ने उसका कार्यकलापले उसभित्रको आत्मपीडन तथा आफ्नै सैनिक साथीहरू मरिरहँदा आनन्द लिने, तिनका विगतका व्यवहारलाई सम्झी आनन्दित हुने, पाठालाई मारी पत्नीलाई मूर्च्छित अवस्थामा पुऱ्याउनेजस्ता टामसनको आचरण र व्यवहारले उसभित्रको परपीडनको द्योतन गर्दछन् । उल्लिखित तथ्यहरूलाई आत्मसात् गर्दा मनोविश्लेषणका विभिन्न सिद्धान्तहरूको प्रयोगका माध्यमबाट प्रस्तुत कथाका पात्रहरूलाई मौलिक, जीवन्त र विविधतापूर्ण तथा पात्रविधानलाई कलात्मक परिपाकमा पुऱ्याइएको सार प्राप्त हुन्छ ।

## निष्कर्ष

भवानी भिक्षुको 'सैनिक' कथामा प्रयुक्त बहुल पात्रहरूको अन्तर्यथार्थको प्रस्तुतिगत पद्धतिको प्रयोग, बहुल पात्रहरूको बृहत् चारित्रिक विकासगत पद्धतिको उपयोग तथा पात्रहरूको चरित्राङ्कनमा विभिन्न मनोविश्लेषणात्मक युक्तिहरूको प्रयोगसम्बन्धी विषयवस्तुलाई सामान्यीकरण गर्दा मानवसंसारको झल्को दिन सक्ने मौलिक, जीवन्त, प्रभावकारी तथा बृहत् चारित्रिक विकासयुक्त पात्रहरूको प्रयोगका माध्यमबाट प्रस्तुत कथाको पात्रविधानलाई कलात्मक परिपाकमा पुऱ्याई उक्त कथालाई उत्कृष्ट मनोविश्लेषणात्मक कथाको रूप दिइएको निष्कर्ष प्राप्त हुन्छ । समाजका केही व्यक्तिहरू आक्रामकता, युद्धप्रियता र सङ्घर्षशीलताको मनोविज्ञानद्वारा सञ्चालित हुने तथा केही व्यक्तिहरू उदारता, दयालुपना, समन्वय र कोमलतालाई आफ्नो जीवनदर्शन बनाई सोहीअनुसार सञ्चालित हुने मानवीय वास्तविकतालाई प्रस्तुत कथाका दुईजना पात्रको मनोविश्लेषणका माध्यमबाट पाठकसमक्ष सम्प्रेषण गर्न खोजिएको छ । ती दुबै पात्रको मनोविज्ञान एकअर्काको विपरीत रहेको, ती दुबैको जीवनदर्शनमा समानता नभएको, दुबै पात्र आआफ्नै ढङ्गले जीवन जिउन खोजेको तथा यस्तो पद्धतिको प्रयोगले यस कथाको पात्रविधान सशक्त एवम् मानवजगत्का व्यक्तिहरूको द्योतन गर्न सक्ने वैशिष्ट्ययुक्त बनेको सार प्राप्त हुन्छ । यसैगरी पुरुष पात्र असामान्य र महिला पात्र सामान्य भएको, असामान्य पतिका कारण महिला पात्र पनि विस्तारै असामान्य अवस्थामा पुग्ने सङ्केत देखिएको, यी दुबैको चरित्र परस्पर विरोधी भएको, यिनको दाम्पत्य जीवन दुःखद हुन सक्ने तथा उल्लिखित चारित्रिक वैशिष्ट्यका आधारमा संसारमा पाइने फरकफरक व्यक्तिहरूको द्योतन

गरिएको, बहुल पात्रहरूको बृहत् चारित्रिक विकास गर्न खोजिएको एवम् यस कथाको पात्रविधानलाई विविधतापूर्ण बनाउन खोजिएको सार प्राप्त हुन्छ भने पात्रहरूलाई मानसिक प्रतिक्रियामा संलग्न गराई सोही मनस्थितिका आधारमा पात्रहरूलाई विभिन्न काममा सहभागी गराई प्रत्येक मान्छे आफ्नो मनोविज्ञानद्वारा सञ्चालित हुन्छ भन्ने मानवीय यथार्थताको उद्घोष यस कथाका पात्रहरूको मनोविश्लेषणका माध्यमबाट गरिएको छ । त्यसैगरी चेतन, अचेतन, अहम्, आत्मरति, जीवनमूलप्रवृत्ति, मृत्युमूलप्रवृत्ति, आत्मपीडन, परपीडनजस्ता मनोविश्लेषणात्मक युक्तिहरूको आरोपणका माध्यमबाट उनीहरूको चरित्रलाई परिपाकमा पुऱ्याई प्रस्तुत कथालाई रोचक र कलात्मक बनाइएको छ । अतः दुईजना पात्रको केन्द्रीयतामा निर्मित बहुल पात्रीय मनोविश्लेषणात्मक पद्धतिका कारण प्रस्तुत कथा आयामगत दृष्टिले लघु, गठनका दृष्टिले सुगठित, पाठकीय प्रभावका कोणले प्रभावान्वितिपूर्ण, मानवीय वास्तविकताका दृष्टिले विविधतापूर्ण, चरित्रचित्रणका कोणले बहुल पात्रको बृहत् चारित्रिक विकासयुक्त, समाख्याताका दृष्टिले असंलग्न सर्वज्ञ समाख्यातायुक्त, दृष्टिविन्दुका कोणले बाह्य सर्वदर्शी दृष्टिविन्दुयुक्त, सारवस्तु प्रस्तुतीकरणका दृष्टिले बहुल पात्रीय सारवस्तुगत पद्धतियुक्त तथा सौन्दर्यका दृष्टिले कलात्मक बनेको एवम् यस्तो मनोविश्लेषणगत पद्धतिको प्रयोग गर्ने विशिष्ट सिर्जनात्मक तागत कथाकार भवानी भिक्षुमा रहेको तथा यस अध्ययनले स्रष्टालाई एकभन्दा बढी पात्रको मनोविश्लेषणको केन्द्रीयतामा कथा रचना गर्ने, समालोचक र अध्ययनकर्तालाई कथाको मूल्य पहिल्याउने तथा पाठकलाई मानव जीवनको वास्तविकताको पर्यवलोकन गर्ने कार्यमा सघाउने सार प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

गुप्त, शान्तिस्वरूप (सन् २००६), *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त* (नवीन संस्क.), अशोक प्रकाशन ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.), साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (पाँचौं संस्क.), साझा प्रकाशन ।

बरई, त्रिभुवन (२०८०), 'आख्यानात्मक संरचना : सिद्धान्त र प्रयोग', *बर्दघाट प्रज्ञा दर्पण,* १(१), पृ.८०-९९ ।

बरई, त्रिभुवन (२०८०), *भवानी भिक्षुका कथामा दृष्टिविन्दु,* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको अप्रकाशित शोधप्रबन्ध ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०७२), *मनोविश्लेषण र साहित्य* (दोस्रो संस्क.), अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि ।

भिक्षु, भवानी (२०६३), *मैयाँसाहेब* (पाँचौं संस्क.), साझा प्रकाशन ।

मिश्र, भगीरथ (सन् २०११), *पाश्चात्य काव्य शास्त्र : इतिहास, सिद्धान्त और वाद* (षष्ठ संस्क.), विश्वविद्यालय प्रकाशन ।

रामप्रकाश (सन् १९९४), *भारतीय एवम् पाश्चात्य काव्यशास्त्र,* विद्याविहार ।

वज्राचार्य, दिव्यवज्र (२०७९), 'मनोविश्लेषण', *नेपाली साहित्य कोश* (सम्पा.), ईश्वर बराल र कृष्णचन्द्रसिंह प्रधान, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ.६३७-६५४ ।

वर्मा, धीरेन्द्र, वर्मा, व्रजेश्वर, भारती, धर्मवीर, चतुर्वेदी, रामस्वरूप र रघुवंश (सन् २०१०), *हिन्दी साहित्य कोश भाग 1* (पुनर्मुद्रण सितम्बर), ज्ञानमण्डल लिमिटेड ।

विवेकशंकर (सन् २०२०), *साहित्यशास्त्र,* जयपुर : राजस्थान हिन्दी ग्रन्थ अकादमी ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेसन हाउस ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०७८), *यथार्थवाद र नेपाली कथा परम्परामा आधुनिक कालको प्रणयन,* शिखा बुक्स ।

श्रेष्ठ, दयाराम (२०७९), *कथा दर्शन,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुलेमान, मुहम्मद र तैवाब, मुहम्मद (सन् २००४), *असामान्य मनोविज्ञान : विषय और व्याख्या,* मोतीलालवनारसीदास ।

Brown, F. F.(1940). *The psychodinamics of abnormal behavior*. New York and London : MC graw hill book company inc.